# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६६/६७ को पहिलो सात महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६६/६७ को पहिलो सात महिनासम्ममा विस्तृत मुद्राप्रदाय ६.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त मुद्राप्रदाय ११.६ प्रतिशतले बढेको थियो । संकुचित मुद्राप्रदाय अघिल्लो वर्ष १०.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ६.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको तुलनामा समिक्षा अवधिमा आन्तरिक सम्पत्ति उच्च दरले बढेको भए पनि खुद वैदेशिक सम्पत्ति घटेकोले मौद्रिक योगाङ्कहरू कम दरले बढेका हुन ।

२. संकुचित मुद्राप्रदायको अंशमध्ये चलनचल्तीमा रहेको मुद्रा समीक्षा अवधिमा १०.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त मुद्रा १८.४ प्रतिशतले बढेको थियो । आवधिक निक्षेप अघिल्लो वर्ष १२.० प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ५.९ प्रतिशतले बढेको छ । चल्ती निक्षेप भने अघिल्लो वर्ष ३.४ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा पनि १.५ प्रतिशतले घटेको छ ।

३. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) रू २१ अर्ब ८३ करोड (९.९ प्रतिशत ) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रू २५ अर्ब ६८ करोड (१५.० प्रतिशत) ले बढेको थियो । अघिल्लो वर्षको पहिलो सात महिनाको तुलनामा समीक्षा अवधिमा व्यापार घाटामा उच्च विस्तार भएकोले खुद बैदेशिक सम्पत्ति घटेको हो ।

### आन्तरिक कर्जा

४. आर्थिक वर्ष २०६६/६७ को पहिलो सात महिनामा कूल आन्तरिक कर्जा ११.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त कर्जा ६.२ प्रतिशतले बढेको थियो । निजी क्षेत्रतर्फको कर्जामा भएको उच्च वृद्धिले आन्तरिक कर्जामा विस्तार आएको हो ।

५. समीक्षा अवधिमा नेपाल सरकारमाथिको खुद दावी रू ११ अर्ब ७९ करोड (११.२ प्रतिशत) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त दावी रू १७ अर्ब ६१ करोड (२०.२ प्रतिशत) ले घटेको थियो । साधन परिचालनको तुलनामा खर्चमा वृद्धि हुन नसकेकोले नेपाल सरकारमाथिको दावी घटेको हो । समीक्षा अवधिमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रू ३ अर्ब ३६ करोडको नगद बचत कायम रहेको छ ।

६. समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा १७.३ प्रतिशत अर्थात् रू ७५ अर्ब ५९ करोडले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको कर्जा १२.९ प्रतिशत अर्थात् रू ४४ अर्बले बढेको थियो ।

७. समीक्षा अवधिमा वाणिज्य बैंकहरूको पेन्सन फण्ड तथा विमा कम्पनीतर्फको लगानीमा कमी आएकोले गैर-सरकारी वित्तीय संस्थाहरूतर्फको कर्जा २६.१ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको कर्जा ५.६ प्रतिशतले बढेको थियो ।

८. समीक्षा अवधिमा गैर-वित्तीय सरकारी संस्थाहरुमाथिको कर्जा १०.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रमाथिको कर्जा ८.३ प्रतिशतले बढेको थियो । उक्त संस्थाहरूमध्ये नेपाल खाद्य संस्थान र नेपाल विद्युत प्राधिकरणले बैकिङ्ग क्षेत्रबाट समीक्षा अवधिमा थप कर्जा उपयोग गरेकोले उक्त क्षेत्रमाथिको कर्जा बढेको हो ।

### वाणिज्य बैंकहरूको बचत परिचालन तथा कर्जा प्रवाहको स्थिति

९. आर्थिक वर्ष २०६६/६७ को पहिलो सात महिनासम्ममा वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन ३.९ प्रतिशत (रू.२१ अर्ब ५७ करोड) ले बढी २०६६ माघ मसान्तमा रू ५७१ अर्ब ४० करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन १२.२ प्रतिशत (रू ५१ अर्ब ३१ करोड) ले बढेको थियो । त्यस्तै, समीक्षा अवधिमा वाणिज्य बैंकहरूको निजी क्षेत्रतर्फको कर्जा १८.२ प्रतिशत (७३ अर्ब ४१ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा १४.२ प्रतिशत (रू ४३ अर्ब ६० करोड) ले बढेको थियो ।

१०. समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जामध्ये उत्पादनमूलक क्षेत्रतर्फको कर्जाको वृद्धिदर ११.३ प्रतिशत (रू ९ अर्ब ९४ करोड) रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको कर्जा १०.३ प्रतिशत (रू ७ अर्ब ७१ करोड) ले बढेको थियो । समीक्षा अवधिमा कृषि क्षेत्रतर्फको कर्जा रू २ अर्ब १३ करोडले बढेको छ । त्यसैगरी, समीक्षा अवधिमा थोक तथा खुद्रा व्यापार, वित्त, विमा तथा स्थिर सम्पत्ति र सेवा क्षेत्रतर्फको कर्जा क्रमशः २५.० प्रतिशत (रू १७ अर्ब २३ करोड), ४१.१ प्रतिशत (रू १५ अर्ब ९९ करोड) र १९.८ प्रतिशत (रू ४ अर्ब ६२ करोड) ले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको कर्जा ८.८ प्रतिशत (रू ४ अर्ब ८९ करोड) २४.१ प्रतिशत (रू ६ अर्ब १ करोड) र १०.७ प्रतिशत (रू २ अर्ब २७ करोड) ले बढेको थियो । घरजग्गातर्फको कर्जा अघिल्लो वर्षको पहिलो सात महिनासम्ममा रू ७ अर्ब १६ करोडले विस्तार भएकोमा समीक्षा अवधिमा रू १४ अर्ब ९६ करोडले वढेको छ ।

### वाणिज्य बैंकहरूको तरलताको स्थिति

११. समीक्षा अवधिमा वाणिज्य बैंकहरूको तरल सम्पत्ति उच्च दरले घटेको छ । अघिल्लो वर्षको पहिलो सात महिनासम्ममा उक्त सम्पत्ति ३.४ प्रतिशतले बढी २०६५ माघ मसान्तमा रू १५६ अर्ब २७ करोड रहेकोमा समीक्षा अवधिमा १०.४ प्रतिशतले कमी आई २०६६ असार मसान्तको रू १८८ अर्ब ६ करोडबाट २०६६ माघ मसान्तमा रू १६८ अर्ब ४९ करोडमा झरेको छ । तरल सम्पत्तिका अंशहरूमध्ये तरल कोष समीक्षा अवधिमा ११.६ प्रतिशतले घटेको छ । वाणिज्य बैंकहरूको नेपाल राष्ट्र बैंक तथा विदेशमा रहेको मौज्दातमा कमी आएकोले तरल कोष घटेको हो । समीक्षा अवधिमा वाणिज्य वैंकहरूको विदेशी मौज्दात रू ३ अर्ब ५४ करोडले घटी रू ४९ अर्ब ८७ करोड हुन आएको छ भने नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात रू १० अर्ब ४४ करोडले घटेको छ । समीक्षा अवधिमा सरकारी ऋणपत्रमाथिको लगानी ८.४ प्रतिशत (रू ६ अर्ब ६ करोड) ले घटेको छ ।

१२. निक्षेप परिचालनको तुलानामा कर्जा तथा लगानीको विस्तार उच्च रहेकोले वाणिज्य बैंकहरूको दायित्व / सम्पत्ति संरचनामा परिवर्तन आएको हो । समीक्षा अवधिमा वाणिज्य

बैंकहरूको कर्जा तथा लगानी १३.३ प्रतिशत (रू ६८ अर्ब ७७ करोड) ले बढेको छ । कर्जा प्रवाहमा भएको उच्च विस्तार र निक्षेप परिचालनमा आएको शिथिलताले गर्दा समीक्षा अवधिमा कर्जा-निक्षेप अनुपात २०६६ असार मसान्तको ८१.२ प्रतिशतबाट बढेर २०६६ माघ मसान्तमा ९१.३ प्रतिशत पुगेको छ भने तरलता-निक्षेप अनुपात ३४.२ प्रतिशतबाट घटेर २९.५ प्रतिशत कायम भएको छ ।

**तरलता व्यवस्थापन**

१३. आर्थिक वर्ष २०६६/६७ को पहिलो सात महिनासम्ममा सरकारी ऋणपत्रको खुला बजार कारोवारबाट रू ५३ अर्ब ८८ करोडको खुद तरलता प्रवाह भएको छ । यसमध्ये ट्रेजरी बिलको बिक्री बोलकबोलमार्फत् रू ७ अर्ब ४४ करोड र रिभर्स रिपो बोलकबोलमार्फत् रू १ अर्ब गरी कुल रू ८ अर्ब ४४ करोड तरलता प्रशोचन भएको छ भने रिपो बोलकबोलमार्फत् रू ५८ अर्ब ९४ करोड र खरीद बोलकबोलबाट रु ३ अर्ब ३८ करोड गरी कुल रु ६२ अर्ब ३२ करोडको तरलता प्रवाह भएको छ । अघिल्लो वर्षको यसै अवधिमा खुला बजार कारोवार अर्न्तगत बिक्री बोलकबोलबाट रू ७ अर्ब ४६ करोड र रिभर्स रिपो बोलकबोलबाट रू १३ अर्ब २६ करोड गरी कुल रू २० अर्ब ७२ करोडको तरलता प्रशोचन र रिपो बोलकबोलबाट रू ४ अर्बको तरलता प्रवाह हुनगई खुद रु १६ अर्ब ७२ करोडको तरलता प्रशोचन भएको थियो ।

१४. आर्थिक वर्ष २०६६/६७ को पहिलो सात महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ६१ करोड १५ लाख खुद खरिद गरी रू ४६ अर्ब २२ करोड बराबरको तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको यसै अवधिमा विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १ अर्ब ११ करोड ८७ लाख खुद खरिद भई रू ८५ अर्ब ३२ करोड बराबरको तरलता प्रवाह भएको थियो ।

१५. समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब २३ करोड बिक्री गरी भा. रू. ५८ अर्ब १२ करोड खरिद भएको छ । अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर ८५ करोड बिक्री गरी भा.रू. ४० अर्ब २१ करोड खरिद भएको थियो । भारतसँगको बढ्दो व्यापार घाटाका कारण भा.रु खरिद बढेको हो ।

**अन्तर बैंक कारोवार र स्थायी तरलता सुविधाको उपयोगको स्थिति**

१६. आर्थिक वर्ष २०६६/६७ को पहिलो सात महिनासम्ममा वाणिज्य बैंकहरूले कुल रू १७५ अर्ब ४९ करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन् । अघिल्लो वर्षको यसै अवधिमा कुल रू १७४ अर्ब ५ करोड बराबरको अन्तर-बैंक कारोवार भएको थियो । समीक्षा अवधिमा रू ८३ अर्ब ७७ करोडको स्थायी तरलता सुविधा उपयोग भएको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सुविधा अन्तर्गत वाणिज्य बैंकहरूले कुल रू ५३ अर्ब ८० करोड उपयोग गरेका थिए ।

१७. समीक्षा अवधिमा उच्च शोधनान्तर घाटा, नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रहेको नगद बचत र निक्षेपको तुलनामा कर्जाको उच्च विस्तारले तरलतामा कमी ल्याएको हुँदा खुला

बजार कारोवारबाट उच्च तरलता प्रवाह हुनुको साथै स्थायी तरलता सुविधा र अन्तर बैंक कारोवारको मात्रा पनि बढेको हो ।

**अल्पकालीन व्याजदर**

१८. आर्थिक वर्ष २०६६/६७ को माघ महिनामा ९१- दिने ट्रेजरी विल्सको भारित औसत व्याजदर ९.०१ प्रतिशत कायम भएको छ। अघिल्लो वर्षको यसै समयमा उक्त व्याजदर ६.६४ प्रतिशत रहेको थियो । अघिल्लो वर्षको माघ महिनामा भारित औसत अन्तर-बैंक व्याजदर ८.३२ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ११.६४ प्रतिशत कायम भएको छ । अल्पकालीन बजार व्याजदरका अलावा वाणिज्य बैंकहरूले निक्षेपमा प्रदान गर्ने व्याजदर पनि बढेको छ। २०६६ असार महिनाको तुलनामा माघमा एक-महिने, तीन-महिने, छ-महिने, एक-वर्षे तथा दुई-वर्षे र दुई वर्षभन्दामाथिको मुद्दति निक्षेपको अधिकतम वार्षिक व्याजदर क्रमशः २, ३.५, २.७५, २ र २ प्रतिशत विन्दुले बढी ७.२५, ९.५, ९.७५, ११ र ११.५ प्रतिशत कायम भएको छ। समीक्षा अवधिमा तरलताको स्थितिमा कमी आएकोले व्याजदरहरू बढेका हुन ।

**धितोपत्र बजार**

१९. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्कमा २५.१ प्रतिशतले कमी आई २०६६ माघ मसान्तमा ४९७.२४ विन्दुमा पुगेको छ। यो सूचकाङ्क २०६५ माघ मसान्तमा ६६३.५२ रहेको थियो । २०६३ असार मसान्तलाई आधार मानी गणना गरिएको नेप्से सेन्सिटिभ सूचकाङ्क २०६६ माघ मसान्तमा ११९.३२ रहेको छ । यो सूचकाङ्क २०६५ माघ मसान्तमा १७१.९५ रहेको थियो । नेपाल स्टक एक्सचेन्ज लिमिटेडले २०६५ भदौ ८ गतेको अन्तिम कारोवार मूल्यलाई आधार वजार मूल्यको रुपमा लिई गणना गरिएको NEPSE Float Index २०६६ माघ मसान्तमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा २७.५ प्रतिशतले कमी आई ४६.५४ पुगेको छ ।

२०. २०६६ माघ मसान्तमा बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ४.० प्रतिशतले कमी आई रु.३ खर्ब ८३ अर्ब ९१ करोड पुगेको छ । परिणामस्वरुप २०६६ माघ मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३५.४ प्रतिशत रहेको छ । २०६५ माघ मसान्तमा यस्तो अनुपात ४१.६ प्रतिशत रहेको थियो । सूचीकृत कम्पनीहरुको वजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन् । जसअनुसार बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको ७२.४ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको २.० प्रतिशत, होटलहरुको १.३ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.४ प्रतिशत, जलविद्युतको ४.७ प्रतिशत र अन्यको १९.२ प्रतिशत अंश रही विगतमा भैं बैंक तथा वित्तीय संस्थाहरुको नै सबैभन्दा ठूलो हिस्सा रहिरहेको छ।

२१. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि ४३.१ प्रतिशत रही २०६६ माघ मसान्तमा रु.७३ अर्ब ४७ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । यस आर्थिक वर्षको माघ मसान्तसम्ममा रु.३ अर्व ५० करोड १५ लाख बरावरको साधारण शेयर, रु.२ अर्व ४० करोड ९८ लाख बराबरको बोनस शेयर, रु. ४ अर्व ७ करोड ३४ लाख बराबरको हकप्रद शेयर र ५

अर्ब ७५ करोड बराबरको सरकारी ऋणपत्र गरी कूल रु.१५ अर्ब ७३ करोड ४७ लाख थप रकम बराबरको धितोपत्र सूचीकृत भएको छ ।

२२. २०६६ माघ मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका कम्पनीहरुको संख्या १६७ रहेको छ । २०६५ माघ मसान्तमा यो संख्या १४९ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये १३५ वटा वित्तीय संस्था (बीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था ४ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

२३. आर्थिक वर्ष २०६६/६७ को सात महिनासम्ममा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १२.० प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो मुद्रास्फीति १३.७ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १७.८ प्रतिशतको उच्च दरले वृद्धि भएता पनि गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ५.३ प्रतिशतले मात्र वृद्धि भएको कारण समग्र उपभोक्ता मुद्रास्फीति दर अघिल्लो आर्थिक वर्षको सोही अवधिको भन्दा केही कम रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्कको वृद्धि क्रमशः १८.१ प्रतिशत र ९.१ प्रतिशत रहेको थियो ।

२४. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये चिनी तथा चिनीजन्य वस्तु समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क ७७.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस उपसमूहको मूल्यमा ४६.७ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी, समीक्षा अवधिमा मरमसला, दलहन, माछा, मासु तथा फुल र तरकारी तथा फलफूलको मूल्य सूचकाङ्क क्रमशः ३६.७ प्रतिशत, ३६.४ प्रतिशत, २२.७ प्रतिशत, र १८.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यी उपसमूहहरुको सूचकाङ्क क्रमशः ९.४ प्रतिशत, २६.५ प्रतिशत, २२.९ प्रतिशत, र १९.४ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको यसै अवधिमा १४.७ प्रतिशतले वृद्धि भएको खाद्यान्न उपसमूहको सूचकाङ्क भने यस अवधिमा १३.० प्रतिशतले मात्र वृद्धि भएको छ ।

२५. यसैगरी, समीक्षा अवधिमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये सूर्ती तथा सूर्तीजन्य वस्तु, शिक्षा, अध्ययन तथा मनोरञ्जन दुबै वस्तुहरुको सूचकाङ्क प्रत्येकको वार्षिक विन्दुगत मूल्यवृद्धि ११.१ प्रतिशत रहको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धि क्रमशः १६.३ र ८.५ प्रतिशत रहेको थियो ।

२६. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सबैभन्दा बढी पहाडमा १३.० प्रतिशतले, तराईमा १२.३ प्रतिशतले र काठमाडौंमा १०.८ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः १३.२ प्रतिशत, १३.८ प्रतिशत र १३.९ प्रतिशत रहेको थियो ।

२७.	समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारभूत मुद्रास्फीति (Core Inflation) १२.९ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति १३.१ प्रतिशत रहेको थियो ।

**थोक मुद्रास्फीति**

२८.	समीक्षा अवधिमा राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर १४.२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा यसको वृद्धिदर १५.० प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु र स्वदेशी उत्पादित वस्तुहरुको मूल्य क्रमश. २५.० प्रतिशत र ११.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्यमा क्रमश. १८.८ प्रतिशत र ११.२ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी अघिल्लो वर्षको यसै अवधिमा ११.८ प्रतिशतले वृद्धि भएको  आयातित वस्तुहरुको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ०.५ प्रतिशतले ह्रास आएको छ ।

२९.	यस अवधिमा दलहन, पशुजन्य उत्पादन र मरमसलाको मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत मूल्यवृद्धि क्रमशः ३६.४ प्रतिशत, ३५.२ प्रतिशत र ३३.८ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः १९.० प्रतिशत, २४.० प्रतिशत  र १०.३ प्रतिशतले वृद्धि भएको थियो ।

३०.	यसैगरी स्वदेशमा उत्पादित वस्तुहरुमध्ये खाद्यजन्य उत्पादनको मूल्य सूचकांकमा १८.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धि ११.८ प्रतिशत रहेको थियो । साथै आयातित वस्तुहरुमध्ये समीक्षा अवधिमा रासायनिक मल तथा रासायनिक सामाग्रीको मूल्य सूचकाङ्कमा ११.९ प्रतिशतले ह्रास आएको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सूचकाङ्कमा ८.१ प्रतिशतले वृद्धि भएको थियो ।

**तलव तथा ज्यालादर सूचकाङ्क**

३१.	समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क १६.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सूचकाङ्क १६.५ प्रतिशतले बढेको थियो । २०६६ साउनदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा वृद्धि भएकोले यस अवधिमा तलव तथा ज्यालादर सूचकाङ्कमा बढी चाप परेको हो । तलब तथा ज्यालादरमध्ये तलब सूचकाङ्क समीक्षा अवधिमा १३.८ प्रतिशतले वृद्धि भएको छ । यस्तो सूचकाङ्कमा अघिल्लो वर्षको यसै अवधिमा १६.८ प्रतिशतले वृद्धि भएको थियो । ज्यालादर सूचकाङ्क समीक्षा अवधिमा १७.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा यो सूचकाङ्क १६.४ प्रतिशतले  बढेको थियो । समीक्षा अवधिमा ज्यालादर अन्तर्गत कृषि मजदुर, औद्योगिक मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः २०.७ प्रतिशत, १३.८ प्रतिशत र १२.९ प्रतिशतले  वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो सूचकाङ्क क्रमशः २३.० प्रतिशत, ७.० प्रतिशत र १५.३ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति*

### बजेट घाटा/बचत

३२. आर्थिक वर्ष २०६६/६७ को पहिलो सात महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु ८ अर्व ४२ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु.८ अर्व ७९ करोडले बचतमा रहेको थियो । समीक्षा अवधिमा कुल सरकारी खर्चको तुलनामा साधन परिचालनको बृद्धिदर उच्च रहेकोले समीक्षा अवधिमा सरकारको बजेट बचतमा रहेको हो ।

### सरकारी खर्च

३३. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्चमा ३१.९ प्रतिशतले वृद्धि भई रु.१०३ अर्व ३८ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो खर्चमा १५.१ प्रतिशतले वृद्धि भएको थियो । चालू तथा पूँजीगत दुवै खर्चको वृद्धिदरमा विस्तार आएकोले समीक्षा अवधिमा कुल सरकारी खर्च बढेको हो ।

३४. समीक्षा अवधिमा नेपाल सरकारको चालू खर्च ३६.४ प्रतिशतले बढी रु.७० अर्व ९५ करोड पुगेको छ । अघिल्लो वर्ष सोही अवधिमा चालू खर्च १७.५ प्रतिशतले मात्र वृद्धि भएको थियो । सरकारी कर्मचारी एवं शिक्षकहरुको तलबभत्ता वृद्धि, विशेष सुरक्षा योजनाको दायित्व, विद्यालय अनुदानमा वृद्धि, आर्थिक सहायता वितरणमा बढोत्तरी लगायतका कारणले समीक्षा अवधिमा चालू खर्चमा विस्तार आएको हो ।

३५. यस अवधिमा पूँजीगत खर्च ४०.९ प्रतिशतले बढी रु. १५ अर्व ६९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत खर्च २०.१ प्रतिशतले घटेको थियो । अघिल्लो वर्षको तुलनामा पूँजीगत खर्च  बढेको देखिएतापनि चालु आर्थिक बर्षको बजेट अनुमानसँग तुलना गर्दा यो रकम बजेट अनुमानको १४.८ प्रतिशत मात्र हुन आउँछ । अपेक्षाअनुरुप पूँजीगत खर्च हुन नसक्नुमा बजेट ढिलो पारित हुनु, ठेक्कापट्टा समयमा हुन नसक्नु, स्थानीय निकायमा प्रतिनिधिहरुको अनुपस्थिति रहनु, शान्ति सुव्यवस्थाको स्थिति सुदृढ नहुनु जस्ता मुख्य कारणहरु रहेका छन ।

३६. आर्थिक वर्ष २०६६/६७ को पहिलो सात महिनासम्ममा साँवा भुक्तानी खर्चमा ३२.० प्रतिशतले कमी आई रु.६ अर्व ५५ करोडमा झरेको छ । अघिल्लो बर्ष सोही अवधिमा साँवा भुक्तानी खर्च २७.९ प्रतिशतले वृद्धि भएको थियो ।

### सरकारी राजस्व

३७. आर्थिक वर्ष २०६६/६७ को पहिलो सात महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन ३०.५ प्रतिशतले वृद्धि भई रु.९४ अर्व २८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा राजस्व ३२.५ प्रतिशतले बढेको थियो । "कर सहभागिता बर्ष २०६६/६७" को कार्यान्वयनको

* नेपाल राष्ट्र बैंक, एभरेष्ट बैंक लि. र नेपाल वंगलादेश बैंक लि. लगायत राष्ट्रिय वाणिज्य बैंकका सरकारी कारोवार गर्ने ६५ शाखामध्ये ३२ वटा र नेपाल बैंक लि.का सरकारी कारोवार गर्ने ४२ शाखा मध्ये १६ वटा शाखाहरुबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

प्रभाव, स्थायी लेखा नम्बर लिनेको संख्यामा वृद्धि, कर स्वयं सेवकहरुको परिचालन, आयात वृद्धि, कर चुहावट नियन्त्रण एवं राजस्व प्रशासनमा भएको समग्र सुधारका कारण राजस्व परिचालनमा वृद्धि भएको हो ।

३८. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्वमा ४२.६ प्रतिशतले वृद्धि आई रू. २९ अर्ब २२ करोड पुगेको छ। अघिल्लो वर्षको यसै अवधिमा सो वृद्धिदर १८.४ प्रतिशत रहेको थियो। उपभोगमा भएको बृद्धि र मूल्य अभिवृद्धि कर प्रशासनमा भएका सुधारका कारण समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्वको वृद्धिदरमा विस्तार आएको हो ।

३९. यस अवधिमा नेपाल सरकारको भन्सार महसूलबाट प्राप्त हुने राजस्व ४२.८ प्रतिशतले वृद्धि भई रू. १९ अर्ब १७ करोड पुगेको छ। अघिल्लो वर्ष सो राजस्व १८.६ प्रतिशतले मात्र वृद्धि भएको थियो। भन्सार प्रशासनमा गरिएका सुधारहरु र उच्च भन्सार दर लाग्ने सवारी साधनहरू तथा पार्टपुर्जाको आयातमा वृद्धिका कारण भन्सार राजस्वको वृद्धिदर उच्च रहेको हो ।

४०. समीक्षा अवधिमा अन्तःशुल्क राजस्वमा ६६.९ प्रतिशतको उल्लेख्य वृद्धि आई रू. १२ अर्ब ९२ करोड पुगेको छ। अघिल्लो वर्ष उक्त राजस्व ३८.७ प्रतिशतले मात्र वृद्धि भएको थियो। अन्तःशुल्क प्रशासनमा गरिएका सुधारहरु र उच्च अन्तःशुल्क लाग्ने हल्का सवारी साधनहरुको आयातमा वृद्धि भएको कारण समीक्षा अवधिमा अन्तःशुल्क राजस्व बढेको हो ।

४१. समीक्षा अवधिमा सरकारको आयकर राजस्व २५.२ प्रतिशतले वृद्धि भई रू. १६ अर्ब ५९ करोड पुगेको छ। अघिल्लो वर्ष सो राजस्व ३७.७ प्रतिशतले वृद्धि भएको थियो। आर्थिक बर्ष २०६६/६७ लाई कर सहभागिता बर्षको रुपमा लिइएकोले यसको सकारात्मक प्रभाव पर्नुका साथै यस अवधिमा स्थायी लेखा नम्बर लिनेको संख्यामा समेत वृद्धि आएकोले समीक्षा अवधिमा आयकर राजस्व बढेको हो ।

४२. समीक्षा अवधिमा नेपाल सरकारको गैर-कर राजस्वमा १४.० प्रतिशतले कमी आई रु. ११ अर्ब २२ करोडमा झरेको छ। अघिल्लो वर्ष यस्तो राजस्व ६१.३ प्रतिशतले बढेको थियो।

### वैदेशिक नगद ऋण र अनुदान

४३. आर्थिक वर्ष २०६६/६७ को पहिलो सात महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋण वापत् रु.२ अर्ब १८ करोड र वैदेशिक नगद अनुदान वापत् रु. १३ अर्ब २४ करोड प्राप्त भएको छ। अघिल्लो वर्ष ती शीर्षकहरुमा क्रमशः रु. २ अर्ब ८४ करोड र रु.१२ अर्ब ८६ करोड प्राप्त भएको थियो।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

४४. आर्थिक वर्ष २०६६/६७ को पहिलो सात महिनासम्ममा कुल वस्तु निर्यात ९.८ प्रतिशतले घटी रु. ३५ अर्ब ८० करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा भने कुल निर्यात १८.३ प्रतिशतले बढेको थियो। मासिक रुपमा हेर्दा, चालू आर्थिक वर्षको माघ महिनामा कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही महिनाको ३.२ प्रतिशत वृद्धिको तुलनामा १.२ प्रतिशतले

घटेको छ । चालू आर्थिक वर्षको भदौदेखि कार्तिकसम्म लगातार तीन महिना घटेको कुल वस्तु निर्यात मंसिर र पुसमा भने बढेको थियो ।

४५. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्षको पहिलो सात महिनासम्ममा २.४ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४.६ प्रतिशतले घटेको छ । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष ५४.४ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १७.७ प्रतिशतले ह्रास आएको छ । भारततर्फ मुख्यतयाः तयारी पोशाक, जिंक शिट, जुत्ता तथा चप्पल, दाल तथा धागो लगायतका वस्तुहरुको निर्यातमा ह्रास आएको कारण त्यस तर्फको निर्यात घटेको हो भने अन्य मुलुकतर्फ विशेषगरी ऊनी गलैंचा, दाल, तयारी पोशाक, गरगहना, तथा जडीबुटीलगायतका वस्तुहरुको निर्यातमा आएको गिराबटको कारण त्यस तर्फको निर्यात घट्न गएको हो ।

४६. अघिल्लो वर्षको पहिलो सात महिनासम्ममा २५.८ प्रतिशतले वृद्धि भएको कुल वस्तु आयात आर्थिक वर्ष २०६६/६७ को सोही अवधिमा ४२.२ प्रतिशतले बढी रु. २२२ अर्ब ७ करोड पुगेको छ । वस्तु आयात उच्च दरले बढ्ने प्रवृत्ति माघ महिनामा पनि कायमै रहेको देखिन्छ । यस महिनामा कुल वस्तु आयात अघिल्लो वर्षको २२.० प्रतिशत वृद्धिको तुलनामा ५४.३ प्रतिशतले बढेको छ ।

४७. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको पहिलो सात महिनाको ११.४ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ३६.१ प्रतिशतले बढेको छ । त्यसैगरी अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष ५०.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ५०.० प्रतिशतले वृद्धि भएको छ । भारतबाट मुख्यतया एम.एस. विलेट, सवारी साधन तथा पार्टपुर्जा, एम. एस. वायर तथा रड, अन्य मेशिनरी तथा पार्टपुर्जा तथा विद्युत्तीय उपकरण एवं अन्य मुलुकबाट विशेषगरी सुन, सञ्चार उपकरण तथा पार्टपुर्जा, अन्य मेशिनरी तथा पार्टपुर्जा, स्टिल रड तथा शिट एवं पोलिथिन दानालगायतका वस्तुहरुको आयातमा भएको उल्लेख्य वृद्धिको कारण कुल आयात बढ्न गएको हो । यद्यपि अघिल्ला महिनाहरुको तुलनामा माघ महिनामा भने सुनको आयातमा उल्लेख्य कमी आएको छ ।

४८. चालु आर्थिक वर्षको पहिलो सात महिनामा कुल वस्तु व्यापार घाटा ५९.९ प्रतिशतले वृद्धि भई रु. १८६ अर्ब २७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु व्यापार घाटा २८.६ प्रतिशतले बढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको व्यापार घाटा अघिल्लो वर्ष १५.२ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ५१.३ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, अघिल्लो वर्ष ४९.६ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा भने ७०.४ प्रतिशतले वृद्धि भएको छ ।

४९. निर्यात व्यापारमा आएको कमी तथा आयात व्यापारमा भएको उल्लेख्य विस्तारको कारण चालु आर्थिक वर्षको पहिलो सात महिनामा निर्यात-आयात अनुपात १६.१ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात २५.४ प्रतिशत रहेको थियो ।

**शोधनान्तर**

५०. आर्थिक वर्ष २०६६/६७ को पहिलो सात महिनामा समग्र शोधनान्तर स्थिति रु. २१ अर्ब ८३ करोडले घाटामा रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रु. २५ अर्ब ६८ करोडले

शोधनान्तर बचतमा रहेको थियो । आर्थिक वर्ष २०६६/६७ को पहिलो सात महिनामा चालु खाता रु. ३० अर्ब ७६ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भने चालु खाता रु. २० अर्ब ३२ करोडले बचतमा रहेको थियो । खासगरी व्यापार घाटामा भएको उल्लेख्य वृद्धि तथा विप्रेषण आप्रवाहको वृद्धिदरमा आएको कमीको कारण चालु खाता घाटा उच्च रहन गएको हो ।

५१. समीक्षा अवधिमा एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्षको २७.८ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ६२.० प्रतिशतले वृद्धि भई रु. १८० अर्ब २० करोड पुगेको छ । त्यस्तै, खूद ट्रान्सफर आय अघिल्लो वर्षको रु. १३३ अर्ब ८० करोडको तलुनामा समीक्षा अवधिमा रु. १५० अर्ब ९३ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गत अनुदान २३.३ प्रतिशतले घटी रु. १२ अर्ब ७३ करोडमा सीमित हुन पुगेको छ भने पेन्सन आय अघिल्लो वर्षको तुलनामा ७७.७ प्रतिशतले वृद्धि भई रु. १५ अर्ब ५७ करोड पुगेको छ । त्यस्तै, विप्रेषण आप्रवाह अघिल्लो वर्षको ५८.६ प्रतिशतको उल्लेखनीय वृद्धिको तुलनामा १३.६ प्रतिशतले बढी रु. १२४ अर्ब ३१ करोड पुगेको छ ।

**विदेशी विनिमय सञ्चिति**

५२. २०६६ माघ मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६६ असार मसान्तको तुलनामा १३.५ प्रतिशत (रु. ३७ अर्ब ७७ करोड) ले घटी रु. २४२ अर्व २२ करोडमा सीमित रहेको छ । २०६५ माघ मसान्तमा यस्तो सञ्चिति १८.४ प्रतिशत (रु. ३९ अर्ब १७ करोड) ले बढेको थियो । जसमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६६ असार मसान्तको तुलनामा १४.८ प्रतिशतले ह्रास आई रु. १९० अर्ब ९६ करोडमा सीमित हुन पुगेको छ । खासगरी व्यापार घाटामा भएको उल्लेख्य वृद्धिको कारण कुल विदेशी विनिमय सञ्चितिमा गिरावट आएको हो । आर्थिक वर्ष २०६६/६७ को पहिलो सात महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ७.८ महिनाको वस्तु आयात र ६.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

५३. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६५ माघ मसान्तमा प्रति व्यारल अमेरिकी डलर ४३.३८ रहेकोमा २०६६ माघ मसान्तमा ६४.२ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर ७१.२२ पुगेको छ । त्यसैगरी सुनको मूल्य २०६५ माघ मसान्तको तुलनामा २०६६ माघ मसान्तमा १५.७ प्रतिशतले बृद्धि भई प्रति आउन्स अमेरिकी डलर ९३५.५० बाट अमेरिकी डलर १०८२ पुगेको छ ।

५४. २०६६ असार मसान्तको तुलनामा २०६६ माघ मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.४९ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ११.८४ प्रतिशतले अवमूल्यन भएको थियो । २०६६ माघ मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ७३.९९ पुगेको छ । २०६६ असार मसान्तमा उक्त विनिमय दर रु. ७८.०५ रहेको थियो ।